# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## वौदीकाली गाउँपालिका
## नवलपरासी व.सु.पूर्व




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ११५

मितिः २०७९।३।२६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बौदीकाली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी ब.सु.पूर्व।

**कैफियत सहितको राय**

हामीले बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.९७ लाख ३१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.१ लाख ९८ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.९ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५६ लाख ८६ हजार, र पेश्की रू.२९ लाख ६ हजार रहेको छ । गतवर्ष रु. २ करोड ५ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२ करोड ४८ लाख ७३ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

वौदीकाली गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४० | ५३ | ९७३१ | - | १० | १९८ | ४० | ४३ | ९५३३ | ९४१ | - | ५६८६ | - | - | ५६८६ | २९०६ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपुर | २०५१६ | - | ५१७६ | १५३४० | - | ९५३३ | २४८७३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बौदीकाली गाउँपालिका, नवलपुर , बुंगदीकाली गाउँपालिका , नवलपरासी पूर्व भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रदिप चन्द्र सुबेदी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | किरण खनाल | २०७७-४-१ | |
| लेखा प्रमुख | नारायण ढकाल | २०७८-९-५ | |
| | | **बेरुजु रकम** | ९,७३१,१४० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,१०,९५,५९८.६२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६,३६,३७,०६५ | **चालु खर्च** | २१,९८,३५,४३५ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७१,९२,००० | **पूँजीगत खर्च** | ८,०४,५७,४६३.२५ |
| **राजश्व बाँडफाँट** | ५,७२,५७,१२३.१२ | **वित्तीय/अन्य व्यवस्था** | ५३,७५,९९३ |
| **आन्तरिक आय** | १,०९,१६,१९१.६ | | |
| **अन्य आय** | ७८,०४,३८५ | | |
| **कुल आय** | ३५,६८,०६,७६४.७२ | **कुल खर्च** | ३०,५६,६८,८९१.२५ |
| **बाँकी मौज्दात** | | १०,२२,३३,४७२.०९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१२।२५ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, ९१.९ वर्ग किलोमिटर क्षेत्रफल तथा १५७३४ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३८,३१,९०,१९० | ३०,२३,८२,०४३.७२ | | ३०,२३,८२,०४३.७२ | ३२,४३,३९,९९८.५३ | | ३२,४३,३९,९९८.५३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३७,८६,२१,४८१ | २९,५२,७२,६५८.७२ | ० | २९,५२,७२,६५८.७२ | २५,१०,३८,०८३.५३ | ० | २५,१०,३८,०८३.५३ |
| ११००० कर | ११ | ६,२८,८६,८६१ | ५,३९,३९,६१७.८५ | ० | ५,३९,३९,६१७.८५ | ४,१४,१८,०६८.९५ | ० | ४,१४,१८,०६८.९५ |
| १३००० अनुदान | | ३०,६०,४५,६२० | २२,७०,९९,३४४ | ० | २२,७०,९९,३४४ | १९,५६,४२,३५६.३४ | ० | १९,५६,४२,३५६.३४ |
| संघीय सरकार | १२ | २८,३८,९६,६२० | २०,९९,५०,३४४ | ० | २०,९९,५०,३४४ | १८,३५,०२,३५६.३४ | ० | १८,३५,०२,३५६.३४ |
| प्रदेश सरकार | १२ | २,२१,४९,००० | १,७१,४९,००० | ० | १,७१,४९,००० | १,२१,४०,००० | ० | १,२१,४०,००० |
| १४००० अन्य राजस्व | | ९६,८९,००० | १,४२,३३,६९६.८७ | ० | १,४२,३३,६९६.८७ | १,३९,७७,६५८.२४ | ० | १,३९,७७,६५८.२४ |
| ख. अन्य प्राप्ति | | ४५,६८,७०९ | ७१,०९,३८५ | | ७१,०९,३८५ | ७,३३,०१,९१५ | | ७,३३,०१,९१५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ४५,९३,९२२ | ० | ४५,९३,९२२ |
| कोषहरु | | ४५,६८,७०९ | ४५,६८,७०९ | ० | ४५,६८,७०९ | १,२२,४८,८६४ | ० | १,२२,४८,८६४ |
| धरौटी | | ० | २५,४०,६७६ | ० | २५,४०,६७६ | ५,२०,००० | ० | ५,२०,००० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ५,५९,३९,१२९ | ० | ५,५९,३९,१२९ |
| भुक्तानी (ग+घ) | | ४३,२३,२६,७३७ | २५,१२,४४,१७०.२५ | | २५,१२,४४,१७०.२५ | २८,७८,९८,८१८.६७ | ९४,६०० | २८,७९,९३,४१८.६७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४२,७७,५८,०२८ | २४,६५,६३,१७७.२५ | | २४,६५,६३,१७७.२५ | २२,२४,६२,५३४.६७ | ९४,६०० | २२,२५,५७,१३४.६७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९,५८,६१,८६० | ८,३४,८१,९३४ | ० | ८,३४,८१,९३४ | २,६५,९१,३५८ | ० | २,६५,९१,३५८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,२२,७९,६५० | ८,३०,४७,७३९ | ० | ८,३०,४७,७३९ | १३,२१,६४,८९६.६७ | ९४,६०० | १३,२२,५९,४९६.६७ |
| २५००० सहायता (Subsidy) | १८ | ३,००,००० | ० | ० | ० | ९०,००० | ० | ९०,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | २३,५०,००० | १६,७४,५३० | ० | १६,७४,५३० | ४४,७५,००० | ० | ४४,७५,००० |
| २८००० अन्य खर्च | १८ | २४,५०,००० | १६,६२,०६१ | ० | १६,६२,०६१ | २२,९०,३८९ | ० | २२,९०,३८९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १५,४५,१६,५१८ | ७,६६,९६,९१३.२५ | ० | ७,६६,९६,९१३.२५ | ५,६८,५०,८९१ | ० | ५,६८,५०,८९१ |
| घ. अन्य भूक्तानी | | ४५,६८,७०९ | ४६,८०,९९३ | | ४६,८०,९९३ | २८,७८,९८,८१८.६७ | ९४,६०० | २८,७९,९३,४१८.६७ |
| कोषहरु | | ४५,६८,७०९ | २८,८८,८६५ | ० | २८,८८,८६५ | ८६,८०,१५५ | ० | ८६,८०,१५५ |
| धरौटी | | ० | १९,२६,९०९ | ० | १९,२६,९०९ | ८,१७,००० | ० | ८,१७,००० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ५,५९,३९,१२९ | ० | ५,५९,३९,१२९ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,३४,७८१) | | (१,३४,७८१) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,९१,३६,५४७) | ५,११,३७,८७३.४७ | | ५,११,३७,८७३.४७ | ३,६४,४१,१७९.८६ | -९४,६०० | ३,६३,४६,५७९.८६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,१०,९५,५९८.६२ | | ५,१०,९५,५९८.६२ | १,६७,०१,३६८.६३ | | १,६७,०१,३६८.६३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,९१,३६,५४७) | १०,२२,३३,४७२.०९ | | १०,२२,३३,४७२.०९ | ५,३१,४२,५४८.४९ | -९४,६०० | ५,३०,४७,९४८.४९ |
| बैंक तथा नगद बाकी | २४ | | १०,७०,८६,४७४.६९ | | १०,७०,८६,४७४.६९ | ९,०३,८७,८५५.७६ | | ९,०३,८७,८५५.७६ |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ४४५७३०००. | ४४२०५३५२. |
| २ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ६५०००००. | ५७२०८१९. |
| ३ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००. | ४३०००. |
| ४ | ३५००००११४-सामाजिक विकास मन्त्रालय | २००००००. | ०. |
| ५ | ३७०००११६४-एकीकृत स्वास्थ्य पूर्वाधार विकास | ४७६५९०००. | १९६०५५०. |
| ६ | ३०७००००११४-उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ३००००००. | ०. |
| ७ | ३६५०११११४- स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १८०००००. | १८०००००. |
| | जम्मा | १०५५७५०००. | ५३७२९७२१. |

| ९ | राजश्व | | | |
|---|---|---|---|---|
| | विवरण | आम्दानी | दाखिला | बाँकी |
| | विभिन्न | ६७४३११. | ६७४३११. | ०. |

| १० | कार्यसञ्चालनकोष | | | | |
|---|---|---|---|---|---|
| | गतवर्षको जिम्मेवारी | यसवर्षको आम्दानी | जम्मा | खर्च | बाँकी |
| | १९५०००. | ५०००००. | ६९५०००. | ६९५०००. | ०. |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ अनुसारको खरिद गुरुयोजना योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ४.२ | | | • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे राखेको पाइएन । | |
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |

| | | | | |
|---|---|---|---|---|
| ४.५ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ४.६ | | | **धरौटी फिर्ताः** आन्तरीक राजस्व विभागको मिति २०६९।६।१० को पत्रमा अग्रिम भुक्तानी वा धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धीत निर्माण व्यवसायीले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धीत आन्तरीक राजस्व कार्यालयवाट एकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले निम्न निर्माण सेवालाइ कार्य सम्पन्न गरि धरौटी रकम फिर्ता गर्दा कर समायोजन प्रमाण पत्र नलिइ भुक्तानी गरेकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु. | २५३,१५५ |

| सि.नं. | र मिति गो.भौ.नं. | कम्पनी निर्माण | कार्य | रकम भूक्तानी |
|---|---|---|---|---|
| १ | २।२०७७।६।२९ | योगेश्वर कन्स्ट्रक्सन प्रा.लि. | नदिजन्य पदार्ग उत्खनन् | 85000 |
| २ | ३।२०७७।३।३० | मन्जरी कन्स्ट्रक्सन प्रा.लि. | ओयाङ्टार सिँचाइ योजना | 84800 |
| ३ | १७।२०७७।११।१६ | सीता लक्ष्मी सप्लायर्स | खानेपानी पाइप खरिदन | 26000 |
| ४ | १९।२०७८।३।८ | रुची कन्स्ट्रक्सन प्रा.लि. | कालीगण्डकी करीडोर नदी उत्खनन् | 57355 |
| | | | जम्मा | 253155 |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ५.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २४ ऐन, ४ नियमावली, ८ कार्यविधि ४ निर्देशिका र १ मापदण्ड समेत ४२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| ५.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउ बाँकी नभएको र यो वर्ष ७ वटा दर्ता | |

| | | | | |
|---|---|---|---|---|
| | | | भएकोमा ६ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ६.२ | | | • निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा तथा थप समेत जम्मा गरेको पाइएन । | |
| ६.३ | | | **वित्तीय विवरण विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br><br>• गत वर्षको जिम्मेवारीमा धरौटी मौज्दात रु. १४२७३०२।- समेत समावेश भएको छ । त्यस्तै गत वर्ष कामय भएको पेश्की बेरुजु रु. ९६०३४९।- समेत पेश्की वाँकीमा देखाएको छ । तसर्थ सुत्रबाट तयार भएको वित्तिय विवरणले आर्थिक कारोबारको यथार्थ र सही चित्रण गरेको छैन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६.४ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ४९६६८२९६।९२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.५१०९५५९८।६२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१४२७३०२।- बढी जिम्मेवारी सरेको छ उक्त रकम गत वर्षको धरौटी रकम समावेश गरेको पाइयो । | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मायादेवी श्रेष्ठले २०७७।३।१० गते रु. ३७ करोड २३ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम खर्च नभइ बाँकी नै रहेको छ । | |
| ७.३ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |
| | | | | | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 14 | 1099373 |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | 58 | 15995266 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 23 | 14625366 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 16 | 32798018 |
| ५ | रु. ५० लाख भन्दा माथिका योजना | 2 | 12178890 |
| | जम्मा | 113 | 76696913 |

७.४

**क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 21831495 | 10255216 | 4.16 |
| सामाजिक क्षेत्र | 209411998 | 131712480 | 53.42 |
| पूर्वाधार विकास क्षेत्र | 97487265 | 44154131 | 17.91 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 46877410 | 27489972 | 11.15 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 52149860 | 32951378 | 13.36 |
| जम्मा | 427758028 | 246563177 | 100.00 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक तथा आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 18040 | 0 | 2848 | 15192 | 14702 |
| २ | प्रदेश सरकार | 0 | 0 | 0 | 0 | 0 |
| ३ | पालिका | 58658 | 9367 | 4702 | 44589 | 27389 |
| ४ | कूल खर्च: | 76698 | 9367 | 7550 | 59781 | 42091 |
| | खर्च प्रतिशत | | 12.21 | 9.84 | 77.94 | 54.88 |

७.५

**कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा

गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१ बजेट प्रकार : पूंजीगत

रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | ६ नं. वडा कार्यालय निर्माण निरन्तर | ५,०० | ० | ० |
| २ | दलित लक्षित कार्यक्रमः आर्थिक बर्ष २०७७/७८ भित्रका खरको छानो भएका दलितहरुको १०० घरमा जस्तापाता फेर्ने कार्यक्रम | ८,०० | ० | ० |
| ३ | नं.२ वडा कार्यालय भवन निर्माण | ३५,०० | ० | ० |
| ४ | स्वास्थ्य सम्बन्धि उपकरण तथा साधन खरिद | २,०० | ० | ० |
| ५ | स्वास्थ्य संस्थाहरुमा कम्प्युटर/प्रिन्टर ब्यवस्थापन | ३,०० | ० | ० |
| ६ | विद्युत उपलब्ध नभएको विद्यालयमा सोलार जडान | ५,०० | ० | ० |
| ७ | फर्निचर एण्ड फिक्चर्स खरिद | १,६० | ० | ० |
| ८ | सबै माध्यमिक विद्यालयमा १ नमुना स्मार्ट कक्षा ब्यवस्थापन | ५,०० | ० | ० |
| ९ | शेराबाट डडरा हुदै सिउनबाट राईका जोड्ने सडक (बहुबर्षिय) | ४,५० | ० | ० |
| १० | कोभिड क्लिनिक | ५,०० | ० | ० |
| ११ | गाउँपालिका प्रशासकिय भवन निर्माण तथा जग्गा ब्यबस्थापन | ३६,०० | ० | ० |
| १२ | गाउँपालिका प्रशासकिय भवन निर्माण तथा जग्गा ब्यबस्थापन | ६४,०० | ० | ० |
| १३ | पूँजीगत परामर्श खर्च गा.पा. | २,०० | ० | ० |
| १४ | चापा गैरा हुदै पुरानो नरम मोटर बाटो निर्माण वडा नं.६ | २,०१ | ० | ० |
| १५ | डाँडाथर-देउराली-नरमछाप सडक स्तरोन्नति निरन्तर वडा नं.१ | २,२३ | ० | ० |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| १६ | मिथुकरम खानेपानी योजना निरन्तर वडा नं.१ | १,१८ | ० | ० |
| १७ | वृक्षारोपण कार्यक्रम गा.पा. | ५,०० | ० | ० |
| १८ | गाउँपालिका भवन निर्माण जग्गा माटो परिक्षण डिजाइन गा.पा. | ७,४९ | ० | ० |
| १९ | मिथुकरम वडा कार्यालय निर्माण वडा नं.१ | ९,२२ | ० | ० |
| २० | सडकहरुको मर्मत तथा सम्भार खर्च | १,५० | ० | ० |
| २१ | माझडाँडा सार्वजनिक खेल मैदान निर्माण | ५,०० | ० | ० |
| २२ | नरम स्वास्थ्य चौकी तारवार तथा घडेरी व्यवस्थापन | ३,०० | ० | ० |
| २३ | सौर्य उर्जा प्रबिधि जडान | ३,०० | ० | ० |
| २४ | पाडेनी खोल्सी लिफ्टिंग खानेपानी आयोजना, वडा नं. ४ | ७०,०० | ० | ० |
| २५ | बर्थिङ्ग सेन्टर, वडा नं.६ | ५५,०० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |
| ८.१ | | | **आर्थिक सहायताः** महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । यस पालिकाले यो वर्ष आर्थिक सहायता वापत रु. १४५३९३६।- खर्च लेखि भूक्तानी गरेको छ । | |
| ८.२ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको रकम संघिय तथा प्रदेश सरकारको सञ्चितकोषमा जम्मा गर्नुपर्ने रु.<br>• संघिय स्रोत तर्फको सर्सत चालु अनुदान आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम रु. ५४१००।- मिति २०७८।१२।३ मा संघीय सरकारको सञ्चितकोषमा फिर्ता दाखिला भएको छ ।<br>• म.ले.प.फा. नं. २७२ को वित्तय प्रतिवेदनको अनुसूची-२१ अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभै बाँकी रहेको प्रदेश सरकार तर्फको समपुरक अनुदान रु. ३६१५२७४।७५ प्रदेश सरकारको सञ्चितकोषमा फिर्ता गर्नुपर्नेमा फिर्ता नभै बाँकी रहेको पाइयो । उक्त बाँकी रकम | ३,६१५,२७४.७५ |

| | | | | |
|---|---|---|---|---|
| | | | स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाउँपालिका फेदी रिण्दी टारी मोलाथर हुँदै हुप्सेकोट गाउँपालिकाको झ्यालवास जोड्ने सडको कार्यक्रम तथा योजनाको म्याद थपको लागि च.नं. १३७ मिति २०७८।५।८ बाट अर्थ मन्त्रालय गण्डकी प्रदेश पोखरामा लेखी पठाएको पत्रको आधारमा गत वर्षको योजनामा नै चालु आ.व. २०७८।०७९ को भौ.नं. ३७ मिति २०७८।१०।१७ बाट गत वर्षको पेश्की फर्छ्यौट समेत प्रदेश सरकारको तर्फबाट र. ३०९३१९८।३१ खर्च लेखी भूक्तानी गरेको छ । आर्थिक वर्षको अन्त्यमा खर्च नभै बाँकी रहेकी रकमका सम्बन्धमा गतवर्षको आयोजनामा नै खर्च गर्न मिल्ने वा खर्च रकम समर्थन भएको अर्थ मन्त्रालय गण्डकी प्रदेश पोखराको पत्र पेश गर्ने अन्यथा उक्त बाँकी रकम प्रदेश सरकारमा पठाएको प्रामाण पेश गर्गनुर्ने रु. | |
| ९ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापनः** | |
| ९.१ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । पालिका र अन्तरगत शाखामा समेत कूल दरबन्दी संख्या ७४ भएकोमा २३ पदपूर्ती भई ५१ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| ९.२ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४३ जना र्मचारीहरु करारमा राखी रु. २३५७०१०।- खर्च लेखेको छ । | |
| ९.३ | | | **तलबि प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ तथा सम्बन्धित ऐन वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.१९७७४९५५।- खर्च लेखेको पाईयो । तलबि प्रतिवेदन पास गराएर मात्र खर्च लेख्नु पर्दछ । | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १०.१ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| १०.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख | |

| | | | | |
|---|---|---|---|---|
| | | | उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| १०.३ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
| ११ | | | **खरिद व्यवस्थापनः-** | |
| ११.१ | | | **अस्पतालको भवन निर्माणः** बौदीकाली गाउँपालिका वडा नं. २ मा १५ सैयाको आधारपूत अस्पतानल निर्माण गर्नको लागि रु. १८३६६९७२।५८ मु.अ.कर र कन्टेन्जेन्सी समेतको ल.इ. तयार गरी ठेक्का नं. BAUDI/NCB/works/3/077-078 बाट निर्माण कार्य गर्न विद्युतिय बोलपत्रको माध्यामबाट सूचना प्रकाशन गरेकोमा ५ वटा बोलपत्र दर्ता भएको पाइयो । मु.अ.कर र पिएस समेत सबै भन्दा घटी रु. १५३२८८२७७।४९ (१४.३७ घटी) कबोल गर्ने निर्माण माउण्ट इन्फा कम्पनी लि. व्यवसायीको बोलपत्र मिति २०७८।२।२४ मा स्वीकृत गरेको छ । मिति २०८०।३।१३ सम्ममा सम्पन्न गर्नेगरी मिति २०७८।३।१४ मा सम्झौता भएकोमा यस आर्थिक वर्षमा कूनै पनि खर्च भएको पाइएन । सम्झौतामा भएको समय सीमाभित्र कार्य सम्पन्न गर्नेगरी सम्बन्धित निकायले ध्यान पुर्‍याउनुपर्दछ । | |
| ११.२ | | | **नन्फाइलरलाइ भुक्तानीः** मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४(१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाइ कर बिजक दिनुपर्ने व्यवस्था छ । उक्त कर विजकबाट Taxable VAT Sales को अशं खरिदमा तिरेको मु.अ.कर घटाइ अर्को महिनाको २५ गतेभित्र सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।तोकिएको समयमा आपुर्तिकर्ताले मुल्य अभिवृद्धि कर दाखिला गर्नुपर्नेमा व्यवसायीको IRD Portal मा PAN Search गर्दा सेवाप्रदायक देहायको व्यवसायी लामो समयदेखि नन्फाइलर देखिएको छ ।नन्फाइलरलाइ मुल्य अभिवृद्धि कर भुक्तानी हुने समयमा दाखिला नहुने स्थितिले रु.२२३०६। को कर राजश्वमा असर पर्ने देखिंदा उक्त व्यवसायीले मु.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने रु. | २२,३०६ |

| भौ.न. मिती | फर्मको नाम | कुल भुक्तानी | मु.अ.कर रकम | मु.अ.कर नम्बर | विजक न. र मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| 82-078/3/15 | आ एण्ड उ तालिम केन्द्र | 193890 | 22306 | 613220420 | 46 | 2077/m/7 देखि ननफाइलर |

| | | | | |
|---|---|---|---|---|
| ११.३ | | | **विमाः** सार्वजनि खरीद नियमावली २०६४ को नियम ११२ मा दश लाख भन्दा बढीको निर्माण कार्यमा विमा गराउनु पर्ने व्यवस्था भएता पनि गाउपालिकाले रु.७७६०००००। को लागत अनुमान भएको रिङरोड निर्माण कार्यको लागत अनुमान तयार गर्दा विमाको व्यवस्था गरेको पाइएन । दैविक प्रकोप र भवितव्यमा आउने जोखिम न्यूनिकरणकालागि नियमावलिमा व्यवस्था भए अनुसार निर्माण कार्यको विमा गराउने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ११.४ | | | **भरपाई वेगरको खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। भौ.२११-०७८।१।६ बाट विद्यार्थि सँग प्रहरी कार्यक्रममा भत्ता, यातायात, खाजाखानाको जोड जम्मा गर्दा रु.२०९८२४। भएकोमा रु.२४८६४८। भुक्तानी भएकोले बढी भुक्तानी रु.३८८२४। गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु. | ३८,८२४ |
| १२ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| १२.१ | | | **राजश्व वाँडफाँडः** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको कूल रु. ९७९२०३८।- मा मु.अ.कर र अग्रीम कर कट्टी पछि बाँकी रहेको रु. ८३७२१९३।- को ४०% ले हुँने रु. ३३४८८७७।- मिति २०७८।८।२२ मा प्रदेश सरकारको सञ्चितकोषमा जम्मा गरेको छ । | |
| १२.२ | | | **आय ठेक्काः** यस गाउँपालिका अन्तरगत पर्ने कालीगण्डकी नदीको विभिन्न बगरबाट नदीजन्य पदार्थ निकासी तथा उत्खनन् कार्य गर्न ठेक्का बन्दोवस्तबाट निम्न फर्म/निर्माण व्यवसायीसँग सम्झौता भइ सम्झौता अनुसारको रकम र मु.अ.कर असूल गर्दा अग्रीम आयकर बापत १.५% ले हुने रकम समेत असूल गर्नुपर्नेमा असूल गरेको नपाइएकोले नियमानुसार अग्रीमकर रकम असूल गरी दाखिला प्रमाण राजश्व भौचर पेश गर्नुपर्ने रु. | १२९,९८३ |

| सि.नं. | ठेक्का नं. | फर्म/निर्माण व्यवसायी | सम्झौता रकम | अग्रीम कर |
|---|---|---|---|---|
| 1. | 1/BRMNP/077/078 | रुची कन्स्ट्रक्सन | 1155520 | 17333 |
| 2. | 4/BRMNP/077/078 | रोयल ब्रदर्श कन्स्ट्रक्सन | 1560000 | 23400 |
| 3. | 3/BRMNP/077/078 | रोयल ब्रदर्श कन्स्ट्रक्सन | 5950000 | 89250 |
| | | | जम्मा | 129983 |

| | | | | |
|---|---|---|---|---|
| १२.३ | | | **रकम ढिला दाखिलाः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले तोकिएको समयमभित्र राजश्व दाखिला गरेको पाइएन । राजश्व रकम तोकिएको समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| १२.४ | | | • पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक गरी राख्नु पर्नेमा लगत अद्यावधिक गरेको पाइएन । | |

<table>
<tr><td>१२.५</td><td></td><td></td><td>• ऐनको अधिकार अन्तर्गत गाउपालिकामा जारी भएका ऐनहरु गाउँसभाको जिम्मेवारीमा र नियम ,कार्यविधि, निर्देशिका लगायतका कानूहरु गाउँकार्यपालिकाको जिम्मावारीमा जारी भएको र अद्यावधिक हुने गरेको छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>शिक्षाः</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>दिवा खाजाः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को क्रियाकलाप नं.२.७.११.१ को वुदा नं. ७.१ अनुसार सामुदायीक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागी स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले १८० दिनका लागी विद्यालयको खातामा अनुदान निकासा दिने व्यवस्था छ ।ईमिसमा रहेका विद्यार्थीहरुको विद्यालयमा हाजिर भएको आधारमा विद्यार्थी संख्या अनुसार रु.१५ का दरले निकासा दिनुपर्नेमा नगरडाडा मावि, नरम वौदीकाली-६ लाई EMIS मा उल्लेख भएको विद्यार्थी संख्या भन्दा बढी संख्यामा निकासा गरिएको छ । EMIS सिस्टममा उल्लेखित वालवालिका भन्दा बढी संख्यालाई भएको निकासा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं र मिती</th><th>महिना</th><th>ईमिस अनुसार संख्या</th><th>खाजा खाएको दिन</th><th>जम्मा संख्या</th><th>निकासा भएको रकम</th><th>निकासा हुनुपर्ने रकम</th><th>बढी निकासा</th></tr>
<tr><td>३५-०७७/१०/२७</td><td>मंसिर-पौष</td><td>42</td><td>44</td><td>1848</td><td>39480</td><td>27720</td><td>11760</td></tr>
<tr><td>५५-०७८/१२/२५</td><td>माघ-फाल्गुन</td><td>42</td><td>45</td><td>1890</td><td>38610</td><td>28350</td><td>10260</td></tr>
<tr><td>८७-०७८/३/२१</td><td>चैत्र-वैशाख</td><td>42</td><td>35</td><td>1470</td><td>35175</td><td>22050</td><td>13125</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>35145</td></tr>
</table></td><td>३५,१४५</td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>पाठ्यपुस्तकमा बढी निकासाः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को २.४.६.१ अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकममा थप निकासा दिन सकिने व्यवस्था छ । ३४ विद्यालयहरूलाई भौ नं ५६-०७७/१२/२४ बाट रु.९,५२,८९४.०० र भौ.नं . ८८-०७८/३/२१ बाट रु.३,८०,२३९.०० समेत रु.१३,३३,१३३.०० निकासा गरिएको छ । तपसिलको विद्यालयहरुलाई EMIS मा उल्लेख भएको विद्यार्थी संख्या भन्दा बढी संख्यामा पाठयपुस्तकको अनुदान रकम निकासा भएको छ । यसरी EMIS मा उल्लेख भएको विद्यार्थी संख्या भन्दा बढी निकासा भएको रकम नियमानुसार असुल गर्नुपर्ने रु.</td><td>१२२,६८७</td></tr>
</table>

| सि.नं. | विद्यालयको नाम | निकासा संख्या | EIMS संख्या | बढी संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | Balkalyan Adharbhut Vidyalaya Kharsan | 156 | 139 | 17 | 15888 |
| २ | Uttam Balhit Adharbhut Vidyalaya Bojhadi | 65 | 54 | 11 | 8744 |
| ३ | Dharmatma Ma Vi Machedi | 276 | 224 | 52 | 34554 |
| ४ | Siddhi Bidyashram Adharbhut Vidyalaya Minamkot | 167 | 140 | 27 | 22959 |
| ५ | Nagardada Ma Vi Naram | 245 | 198 | 47 | 28360 |
| ६ | Rupikanya Pra Vi newarbari | 18 | 12 | 6 | 3098 |
| ७ | Belbhanjyang Ma Vi Rakuwa | 145 | 140 | 5 | 4295 |
| ८ | Lokpriya Adharbhut Vidyalaya Chardada | 81 | 68 | 23 | 4789 |
| | जम्मा | 1153 | 975 | 188 | 122687 |

| | | | | |
|---|---|---|---|---|
| १३.३ | | | **पाठ्यपुस्तक खरिदः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को २.४.६.१ अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिने र यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने बाँकी २५ प्रतिशत रकम २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकममा थप निकासा दिन सकिने व्यवस्था छ । भौ नं ५६-०७७/१२/२४ बाट ३४ विद्यालयहरूलाई रु.९,५२,८९४.०० र भौ.नं . ८८-०७८/३/२१ बाट ३४ विद्यालयहरूलाई रु.३,८०,२३९.०० समेत रु.१३,३३,१३३.०० भर्ना भएका विद्यार्थीहरूको संख्या यकिन नगरी पुरै रकम भुक्तानी गरिएको छ । २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना भएको विवरण, पाठयपुस्तक खरिद र वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १,३१३,१३३ |
| १३.४ | | | **कार्यसम्पादनमा आधारित अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को ९.२ अनुसार विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्यसम्पादन मूल्याङ्कन सूचकका आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने, प्राप्त अनुदान विद्यालय व्यवस्थापन निर्णय अनुसार शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने र अनुदान दिनुपूर्व शिक्षण सिकाई समयमापन सम्वन्धी कार्यविधि लागु गरेको सुनिश्चित हुनुपर्ने व्यवस्था छ । तपसिलको विद्यालयहरुलाई रु.५०,०००.०० का दरले कार्यसम्पादनमा आधारित अनुदान निकासा गरिएको छ । शैक्षिक सुधारका क्षेत्र पहिचान गरी खर्च गरेको तथा अनुदान दिनुपूर्व शिक्षण सिकाई समयमापन सम्वन्धी कार्यविधि लागु गरेको सम्वन्धमा शिक्षा शाखाबाट | २५०,००० |

अनुगमन भएको छैन । शिक्षण सिकाई समयमापन सम्वन्धी कार्यविधि लागु गरेको र शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी सोही क्षेत्रमा खर्च गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | कालिगण्डकी प्रा.वि. | 50000 |
| २ | चण्डी देउराली प्रा.वि. | 50000 |
| ३ | सिद्धि विद्याश्रम आवि | 50000 |
| ४ | शारदा मावि | 50000 |
| ५ | उतम वालहित आवि | 50000 |
| | जम्मा | 250000 |

१४

**पेश्की व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाबाट प्राप्त फर्छौट गर्न बाँकी पेश्कीको मास्केवारी (म.ले.प.फा.नं.२११) तथा वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) को अनुसूची २३ पेश्की बाँकीको विवरण अनुसार चालु आ.व.को रु.४२९०४८०।२५ र गत आ.व. को रु. ९६०३४९।- समेत कूल पेश्की रु. ५२५११८९।२५ रहेकोमा रु. ९६०३४९।- गत वर्षको पेश्की बेरुजु कामय भै सकेको र चालु आ.व. २०७८।०७९ मा रु. १३८४७२५।२५ फर्छौट भएको प्रमाण पेश हनु आएकोले बाँकी रहेको निम्नानुसारको चालु आ.व.को म्याद नाघेको पेश्की रु. २९०६११५।- वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ अनुसार फर्छौट गर्नुपर्ने रु.

२,९०६,११५

| क्रम | कर्मचारीको नाम | पेस्की रकम |
|---|---|---|
| १४.१ | सि.अ.हे.व. अ. मेघ बहादुर ठाडा ( मितिः २०७७।११।१४) | ३,००,००० |
| १४.२ | सि.अ.हे.व. अ. टोपकान्त अधिकारी ( मितिः २०७८।१।२७) | २,३२,६०६ |
| १४.३ | इन्टीग्रेटेड मिडिया कम्पनी प्रा.लि. ( मितिः २०७७।११।२०) | १,००,००० |
| १४.४ | हिमालयन सामुदायिक विकास मञ्च ( मितिः २०७८।३।४) | २,६३,४१६ |
| १४.५ | बबाक बोजादा विरओडार झो.पु. निर्माण उ.स.( मितिः २०७८।३।२४) | ५,८२,०८७ |
| १४.६ | चौवार्दी खोला झो.पु. निर्माण उ.स. ( मितिः २०७८।१।५) | ४,९०,००० |
| १४.७ | ढुङ्गीघाट स्टील ट्रस पुल निर्माण उ.स.( मितिः २०७८।३।२४) | ३,०३,१२२ |
| १४.८ | कमल वि.क. ( मितिः २०७७।१०।२५ र ०७७।१२।२) | १,९९,९४० |
| १४.९ | अजय कुमार साहा ( मितिः २०७८।१।२७) | ८८७ |
| १४.१० | घननारायण श्रेष्ठ ( मितिः २०७८।१।२७) | १,४१,४८५ |
| १४.११ | डा.अरमान मिया ( मितिः २०७८।१।२७) | ८,०७६ |
| १४.१२ | मो.अरफात आलम ( मितिः २०७८।१।२७) | १२,४१८ |
| १४.१३ | सविना ओझा ( मितिः २०७८।१।२७) | १,७२,०७८ |
| १४.१४ | राम अधिकारी ( मितिः २०७८।३।९) | १,००,००० |

१५

**कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०७६।०७७ को बजेट निती तथा कार्यक्रममा छुट्याएको प्रोत्साहन भत्ता पुन आर्थिक वर्ष २०७७।०७८ को बजेट निति तथा कार्यक्रमकव ५६ नं। मा निरन्तरता दिएको छ । यो वर्ष पालिकाका विभिन्न ४ श्रेणीका कर्मचारीहरुलाई क्रमशः मासिक रु. ४०००। देखि १००००। सम्म थप सुविधा प्रदान गर्ने गाउँ पालिकाबाट निणर्य गरी वार्षिक रु- १० लाख ८० हजार खर्च भएको छ।स्पष्ट कानून बनाएर मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्छ ।

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **स्वास्थ्य तर्फः**<br>**औषधी खरिदः** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु.८०००००। को औषधी सोझै खरीद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १७ | १०२ | २०७८-३-२२ | **वालविकास सहजकर्ता पारिश्रमिकः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/7८ को १.४.१. अनुसार स्थानिय तहमा आफ्नो श्रोतबाट खर्च व्यहोर्ने गरि सञ्चालित वालविकास केन्द्रलाई स्थानिय श्रोतबाट सञ्चालित गरिने उल्लेख छ । प्रारम्भिक वालविकास सहजकर्ताको पारीश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानमा लेखापाल, वालविकास, कार्यलय सहयोगीको तलव निकासामा वालविकासको लागी नगरपालिकाको आफ्नो श्रोतबाट खर्च व्यहोर्ने निर्णय अनुसार ३४ विद्यालयहरुलाई रु.४,४०,०००.०० नगरपालिकाको आफ्नो श्रोतबाट खर्च व्यहोर्ने गरि निकासा दिनुपर्नेमा सशर्तबाट निकासा गरिएको छ । यसरी पालिकाको श्रोतबाट खर्च गरिनुपर्नेमा सशर्तको बजेटबाट खर्च गरिएकोले संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ४४०,००० |
| १८ | | | **उपभोक्ता समिति तर्फः** | |
| १८.१ | | | **मु.अ.कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विल भरपाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । निम्न योजनाहरुमा यो बर्ष उपभोक्ता समितिलाई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान तयार गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर असूल गरी संचित कोष दाखिला गर्नूपर्ने रु. | ९,७०८ |

| क्र सं | कार्यक्रम | कामको विवरण | विलको दर मु.अ.कर समेत | जिल्ला दर मु.अ.कर समेत | उ.स भुक्तानी रकम | उ.स लाई मु.अ.कर भुक्तानी | उ.स लाई हुनु पर्ने मु.अ.कर भुक्तानी | बढी भुक्तानी मु.अ.कर |
|---|---|---|---|---|---|---|---|---|
| 1 | सिद्धि विद्याआश्रम आधारभूत विद्यालय मिनामकोट भवन निर्माण | सिमेन्ट (२०५वोरा) | 723 | 820 | 895000 | 19339 | 17051 | 2288 |
| 2 | नगरडाँडा नारी मिलन केन्द्र सामुदायीक भवन निर्माण | सिमेन्ट (२50वोरा) | 562 | 820 | 681470 | 23584 | 16164 | 7420 |
| | जम्मा | | | | | | | 9708 |

१८.२ **अनुपातिक कट्टीः** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ।जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ।निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. २९,८४७

| गोभौ नं.र मिति | उपभोक्ता समिति र काम | सम्झौता अनुसार लागत अनुमान | गा पा ले व्यहोर्ने % (कन्टिन्जेन्सी बाहेक | कार्य सम्पन्न रकम | भएको भुक्तानी | हुनु पर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| 180-077/12/11 | पाउना घर निर्माण सिउन | 374558 | 10 | 374831 | 339500 | 337348 | 2152 |
| 17-078/3/24 | सिद्ध विद्याश्रम आ.वि सुविधा सहिदको शौचालय निर्माण | 741482 | 5.59 | 715827 | 700000 | 675813 | 24187 |
| 1-078/3/24 | अरविन मखमरङ सेरा डेढगाउँ मोटर बाटो उ.स | 856748 | 10.09 | 555511 | 502967 | 499459 | 3508 |
| | जम्मा | | | | | | 29847 |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **लाभग्राही समुदायबाट खरिदः** | |
| १९.१ | 34 | २०७७-१२-८ | **पाईप खरिदः** गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोकेबमोजिमको रीत पुर्‍याई राख्नुपर्ने व्यवस्था छ। वडा नं २ को लागी हयूम पाईप 31cm (NP3) ४५ मिटर रु.३८४२ का दरले खरिद गरी रु.१,७२,८९०.०० भुक्तानी गरिएको छ । खरिद गरिएको पाईपहरु प्रयोग तथा वितरण गरेको देखिएन ।वितरण भएको तथा योजनामा प्रयोग भई खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु. | १७२,८९० |
| १९.२ | | | **नरम वडा कार्यालय भवन निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि (गण्डकी प्रदेश), २०७५ को दफा ६ अनुसार सिंचाई, जलउत्पन्न प्रकोप व्यवस्थापन, सडक निर्माण, भवन वस्ती व्यवस्थापनमा उपभोक्ता समितिले सम्झौता गर्ने गरी सम्झौता रकमको कम्तिमा १० प्रतिशत रकम लागत सहभागिता हुनुपर्ने व्यवस्था छ । नरम वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गर्दा मूल्याङ्कन रकमको १० प्रतिशत अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा अनुपातिक कट्टी नगरी भुक्तानी गरिएको छ। उक्त योजनाको लागत अनुमान रु.२६,३४,२६६ रहेकोमा रु.२६,०२,७३२.०० को कार्यसम्पन्न प्रमाण पेश भएको छ ।आर्थिक वर्ष २०७६/७७ मा रु.१४,४०,९८१.००, भौ.नं.४१-०७७/१२/५ बाट रु.७,८४,२९७, र भौ.नं.४३-०७७/१२/६ बाट रु.१,६३,८७४.०० गरी जम्मा रु.२३,८९,१५२.०० भुक्तानी भएको छ। उक्त योजनाको मूल्याङ्कन विल रु. २६,०२,७३२.०० को १० प्रतिशत रु.२,६०,२७३.०० अनुपातिक कट्टी गरी भुक्तानी गर्नुपर्नेमा रु.२,१३,६५८.०० मात्र कट्टी गरी भुक्तानी गरेको देखिन्छ । यसरी घटी अनुपातिक कट्टी गरी भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.४६,६०५.०० नियमानुसार असूल हुनुपर्ने रु. | ४६,६०५ |
| २० | | | **जनश्रमदानः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि (गण्डकी प्रदेश), २०७५ को दफा ६ अनुसार सिंचाई, जलउत्पन्न प्रकोप व्यवस्थापन, सडक निर्माण, भवन वस्ती व्यवस्थापनमा उपभोक्ता समितिले सम्झौता गर्ने गरी सम्झौता रकमको कम्तिमा १० प्रतिशत रकम लागत सहभागिता हुनुपर्ने व्यवस्था छ । तपसिलको योजनामा निर्माण कार्य सम्पन्न गर्दा मूल्याङ्कन रकमको १० प्रतिशत अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा अनुपातिक कट्टी नगरी भुक्तानी गरिएको छ। मूल्याङ्कन विलको १० प्रतिशत अनुपातिक कट्टी नगरी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम नियमानुसार असूल हुनुपर्ने रु. | ९६,७५४ |

| सि.नं. | भौ.नं. र मिति | योजनाको नाम | मूल्याङ्कन विल | भुक्तानी रु. | घटी योगदान |
|---|---|---|---|---|---|
| १ | ३-०७७/६/२५ | प्रतिक्षालय मन्दिर निर्माण | 370340 | 364471 | 31164 |
| २ | ५३-०७७/१२/२६ | वडास्तरीय सडक मर्मत सुधार | 644578 | 582000 | 4651 |
| ३ | ५७-०७८/१/२२ | केरमटार मुखियाथर तलाङ्ग बाटो | 536293 | 485000 | 2336 |
| ४ | ६१-०७८/२/१६ | हर्वले आमा समुह भवन निर्माण | 643522 | 582000 | 2830 |
| ५ | ७१-०७८३/१८ | डेढगाउङ्ग मा.वि.पूर्वाधार विकास | 856839 | 776000 | 4545 |
| ६ | ७३-०७८/३/२२ | नगरडाडा-पोखरीछाप-सेरा सडक | 2033975 | 1877156 | 46578 |
| ७ | ७४-०७८/३/२३ | ववक लिङ्क रोड स्तरोन्नती | 1670276 | 1507898 | 4650 |
| | | जम्मा | 6755823 | 6174525 | 96754 |

२१

**उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्यः**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ ।तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

| भौ.नं . र मिति | योजनाको नाम | निर्माण गर्ने संस्था | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|
| ४१-०७७/१२/२५ | भवन निर्माण | ६नं वडा कार्यालय | 2634266 | 2225278 |
| ४४-०७७/१२/८ | कम्पाउण्ड वाल निर्माण | चारडाडा विद्यालय | 321588 | 291000 |
| ५७-०७८/१/२२ | ग्याविन गेट र खेल मैदान निर्माण | जनता मावि | 642380 | 582000 |
| ६१-०७८/२/१६ | कोठा ग्रिल निर्माण | वालकल्याण आवि | 160947 | 145500 |
| ६३-०७८/३/२ | पूर्वाधार कार्य | धर्मात्मा मावि | 540234 | 485000 |
| ७३-०७८/३/२८ | पूर्वाधार विकास | डेढगाउँ मावि | 856164 | 776000 |
| | | जम्मा | 5155579 | 4504778 |

२२

**हेभी इक्विपमेण्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइयो । तर नियमावलीको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।हेभी ईक्विपमेन्ट प्रयोग भएको केही योजनाहरु निम्न रहेका छन् ।

| भौ.नं. रमिति | योजनाको नाम | विल रकम | हेभी मेसिनमा खर्च |
|---|---|---|---|
| ९-०७७/७/२ | कुवावेल भञ्ज्याङ्ग लिङ्ग रोड | 622841 | 519199 |
| ३८-०७७/१२/१ | नगरडाँडा भञ्ज्याङ्ग नरम रोड | 644429 | 382053 |
| ६४-०७८/३/४ | नगरडाडा वाटो निर्माण | 750203 | 304718 |
| ७१-०७८/३/१८ | ल्हापे-मझडाडा-नगरडाडा सडक | 331414 | 333124 |
| ७३-०७८/३/२८ | वडा कार्यालय-मदनस्वारा सडक | 752569 | 752565 |
| | जम्मा | 3101456 | 2291659 |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **शिक्षा तर्फः**<br>**कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार कुनै निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको एकिन गर्न प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पत्र संख्या ८३ मिति ०७८।३। २० को शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको परीपत्रमा पालिकालाई उपलब्ध गराएको राष्ट्रपती शैषीक सुधार कार्यक्रम कार्यान्वियन वापतको निकासा हुने रकम सम्बन्धित विद्यालयको खातामा तत्काल निकासा दिई सो को प्रतिवेदन,लेखापरीक्षण, सामाजिक परीक्षण लगायतका कार्यको लागि सम्बन्धित विद्यालयहरुलाई नै जिम्मेवार र जवाफदेही बनाउने गरी सहजीकरण, समन्वय र सहयोगका लागि सबै स्थानीय तहमा निर्देशन गरीसहयोग गर्न अनुरोधगरेको पत्र बमोजिम सशर्त अनुदान अन्तर्गत रु.१०८०००००।निकाशा दिएको रकम मध्ये ३ वटा विद्यालयको भौतिक पूर्वाधार निर्माण मा भुक्तानी भएको .४३०००००। को कार्य सम्पन्न प्रतिवेदन तयार भएको छैन । | |
| २४ | | | **विविध तर्फः** | |
| २४.१ | | | **बढी भुक्तानीः** कार्यसंचालन निर्देशिका २०७७ को ७.१५.१.४(ख) मा सहायक स्तरको तालिम संचालन गर्न कार्य पत्र र प्रस्तुतिकरण भुक्तानी दिने व्यवस्था छ । निम्न भौचरहरुबाट कार्यसंचालन निर्देशिकामा भएको व्यवस्था विपरित भौ.८५-०७८।३।१८ बाट मिति २०७।१२।२३ गते गाउँपालिकामा घटना दर्ता शिविर सम्बन्धि अभिमुखीकरण कार्यक्रमा प्रशिक्षक भत्ता ४ कक्षाको भुक्तानी दिनु पर्नेमा निम्न्न प्रशिक्षकलाइ बढी भुक्तानी दिएको भत्ता सम्बन्धित सँग असुल गर्नु पर्ने रु. | ६,३७५ |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>प्रशिक्षकको नाम</td><td>संचालन भएको संख्या</td><td>भुक्तानी गरेको कक्षा</td><td>भुक्तानी दर</td><td>भएको भुक्तानी</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>तिर्थराज चापागाई</td><td>1</td><td>2</td><td>1500</td><td>2250</td><td>1275</td></tr>
<tr><td>भिमराज गौतम</td><td>1</td><td>2</td><td>1500</td><td>2250</td><td>1275</td></tr>
<tr><td>मनोज कडेल</td><td>2</td><td>5</td><td>1500</td><td>6375</td><td>3825</td></tr>
<tr><td></td><td>बढी भुक्तानी</td><td></td><td></td><td>10875</td><td>6375</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४.२</td><td>२८८</td><td>२०७८-३-४</td><td>भुक्तानीमा करः आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वालवालिकाको अवस्था सर्वेक्षण गरी प्रोफाइल तयार कार्यमा वेस डेभलपमेन्ट कन्सल्टेन्सीलाइ रु. १८६४४५।- भूक्तानी गर्दा रु. १५६६।- मात्र कर कट्टी गरेको छ । नियमानुसार १५% का दरले रु. १५६६७।- कर कट्टी गर्नुपर्नेमा घटी कर कट्टी गरेको रु. १४०९९।- असुल गरी दाखिला हुनु पर्ने रु.</td><td>१४,०९९</td></tr>
<tr><td>२४.३</td><td>283</td><td>२०७८-३-२२</td><td>बढी दरमा खरीदः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। भौ.२८३-०७८।३।२२ बाट कागती र आनारका विरुवा खरीद गरी गोकर्ण अर्याललाई रु.५३३५००। भुक्तानी भएको छ । जिल्लाको स्विकृत जिल्ला दर रेट अनुसार फलफूलको विरुवा खरीद गर्नु पर्नेमा बढी दर राखी खरिद गरेकोले बढी भुक्तानी भएको रु.१४३२४०। बेरुजु खाता दाखिला गर्नु पर्ने रु.
<table>
<tr><td>विरुवाको नामा</td><td>खरिद दर</td><td>जिल्ला दर</td><td>परिमाण</td><td>फरक दर</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>कागती</td><td>320</td><td>150</td><td>800</td><td>170</td><td>136000</td></tr>
<tr><td>अनार</td><td>175</td><td>138.8</td><td>200</td><td>36.2</td><td>7240</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>143240</td></tr>
</table></td><td>१४३,२४०</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कृषि तर्फः<br>कृषि अनुदानः पालिकाले संघिय सरकारवाट हस्तान्तरित चालु कार्यक्रमवाट देहायवमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ।</td><td></td></tr>
</table>

| सि नं | भौचर नं | विवरण | रकम |
|---|---|---|---|
| 1 | 70-077/8/8 | विषादी तथा खाद्यतत्व खरीद गरी वितरण | 99500 |
| 2 | 71-077/8/8 | बेमौसमी तरकारी विउ खरीद | 150000 |
| 3 | 73-077/8/8 | ६० प्रतिशत अनुदानमा कृषि औजार खरीद | 299700 |
| 4 | 80-077/8/10 | आलु तथा गहुँ विउ खरीद | 200000 |
| 5 | 14-077/9/11 | ५० प्रतिशत अनुदानमा तरकारी नर्सरी खरीद | 112500 |
| 6 | 150-077/11/21 | प्राङ्गरिक मल वितरण | 100000 |
| 7 | 51-077/11/21 | 50 प्रतिशत अनुदानमा हाते ट्याक्टर खरीद | 351000 |

- अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

- कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **धरौटी तर्फ**<br>**धरौटी रकमः** पालिकाले कोभिडको समयमा भौ.२७३-०७८।३।२२ सिद्धिविनायक अक्सिजन उद्योग प्रालिबाट अक्सिजन सिलिन्डर खरिद गर्न रु.८७५०० भुक्तानी दिएको रकम मध्य सिलिन्डर ल्याउँदा रु.८५०००। उद्योगमा धरौटी राखेको पाइयो । धरौटी राखेको रकमको अभिलेख राखेको पाइएन । सिलिण्डर फिर्ता गर्दा उद्योगमा राखेको धरौटी प्राप्त गर्ने गरी अभिलेख राख्नु पर्ने रु. | ८५,००० |

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **आन्तरिक आय तर्फः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ५९ जुनसुकै माध्यमबाट राजश्व प्राप्त गरेको भएता पनि स्विकृत राजश्व वर्गीकरण र व्याख्या बमोजिम राजश्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणाली सिद्धान्त अनुसार राजश्व लेखा अध्यावधिक गरी दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, राजश्व संङ्कलनका लागि सफ्टवेयर प्रयोगमा ल्याएको पाइएन ।संकलित राजश्व १/२ महिनामा बैक दाखिला गरेको पाइयो । नमुनाको रुपमा वडा नं.५श्रावण देखी असोज सम्म दाखिला गर्न बाँकी राजश्व रकम रु.६००। र वडा नं.२ को श्रावण महिनाको दाखिला गर्न बाँकी रकम रु.४१०७। लेखापरीक्षणको क्रममा दाखिला भएको छ ।नमुनाको रुपमा वडाहरुको जोड जम्मा गर्दा कैफियत देखिएकोले अन्य वडा र महिनाको जोड जम्मा गरी बैक जम्मा गर्ने बाँकी राजश्व यकिन गरी पालिकाको राजश्व खातामा दाखिला गर्नु पर्दछ। | |
| २८ | | | **सामाजिक सुरक्षा तर्फः** | |
| २८.१ | | | **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी यो वर्ष रु. ४४२०५३५२।- खर्च गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं. १ र २ को परीक्षण गरिएको छ । परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार उल्लेख गरिएको छन्ः | |
| २८.२ | | | **निष्कृय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंक तथा वित्तिय संस्थाले खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार एक आर्थिक वर्ष सम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक वैंकबाट अनुसूची ११ वमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्रचलित कार्यविधि अनुसार वैंक तथा वित्तिय संस्थाले निष्कृय खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ । | |
| २८.३ | | | **नागरिकता नम्बर दोहोरोः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु | |

१ र २ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो गरी सामाजिक सुरक्षा भत्ता वापत रु. २८३२००।- भूक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो भएको हो पालिकाबाट यकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुमा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ ।

| सि.नं. | सामाजिक सुरक्षाको किसिम | व्यक्तिगत प. नं. | नाम (अंग्रेजीमा) | लिङ्ग | जन्म मिति | वडा नं. | ना. प्रा. नं. | भत्ता |
|---|---|---|---|---|---|---|---|---|
| १ | विधवा | २०२८०८०५०१५२३ | सुकमाया सार्कि | महिला | २०२८-०८-०५ | १ | 363017 | २४००० |
| २ | अति अशक्त अपाङ्गता भत्ता | २०५७०७०६००८४४ | देविसरा सुुस्लिंग मगर | महिला | २०५७-०७-०६ | १ | 363017 | १९२०० |
| ३ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | २००११२३३४७३१८ | केशर बिश्वकर्मा | पुरूष | २००१-१२-३० | १ | 78605 | ३६००० |
| ४ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | २००३१२३३५५९६४ | हैमती सारु मगर | महिला | २००३-१२-३० | १ | 78605 | ३६००० |
| ५ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | २००२१२३३०५९६७ | नन्द कुमारि बि°क° | महिला | २००२-१२-३० | २ | 6381 | ३६००० |
| ६ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | २००३१२३३५१७४६ | मखमली श्रेष्ठ | महिला | २००३-१२-३० | २ | 6381 | ३६००० |
| ७ | जेष्ठ नागरिक एकल महिला | २०१६१२३१०१९८६ | फुल माया मल्ल ठकुरी | महिला | २०१६-१२-३० | २ | 6516 | २४००० |
| ८ | जेष्ठ नागरिक एकल महिला | २०१५१२३१२२८३६ | लक्ष्मि माया बि° क° | महिला | २०१५-१२-३० | २ | 6516 | २४००० |
| ९ | जेष्ठ नागरिक भत्ता (दलित) | २०१०१२३१७०८१३ | हिरा बहादुर कामि | पुरूष | २०१०-१२-३० | २ | 654 | २४००० |
| १० | जेष्ठ नागरिक एकल महिला | २०१३१२३१२०८१९ | लालमाया श्रेष्ठ | महिला | २०१३-१२-३० | २ | 654 | २४००० |
| | | | | | | | जम्मा | २८३२०० |

२८.४ **रकम फिर्ताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६ (२) अनुसार स्थानीय तहबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम तोकिएको आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्त्यमा सो रकम सम्बन्धित संघीय सरकारको विनियोजन खातामा कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम जम्मा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सो अनुसार नगरी बैंकबाट भत्ता वितरण पश्चात बाँकी रहेको रु.१६९२४५७।- लेखापरीक्षणको क्रममा फिर्ता दाखिला भएको छ ।

२९ अनुगमन तथा सम्परीक्षणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फस्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ४(२)(घ) मा बेरुजु फस्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा निम्नानुसार सम्परीक्षण गरिएको छ ।

| आ.व. | वेरुजू दफा नं. | बेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|
| | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| २०७६/७७ | १२.१ | कोभिड स्वयमसेवक खर्च रु. | | | 2745000 | | 2745000 |
| २०७६/७७ | १५ | कर्मचारी थप प्रोत्साहन सुविधा रु. | | | 1342553 | | 1342553 |
| २०७६/७७ | १७ | वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेवापत खर्च रु. | 26000 | | 0 | | 26000 |
| २०७६/७७ | ३१ | शिर्षक फरक पारी खर्च रु. | | | 1061951 | | 1061951 |
| २०७६/७७ | ३९ | भिरकोटोपी भ्यो.पू.निर्माण रु. | | | 0 | 624000 | 624000 |
| २०७६/७७ | ३९ | रकवाखोला ट्रस पुल निर्माण रु. | | | 0 | 336349 | 336349 |
| | | जम्मा | 26000 | | 5149504 | 960349 | 5175504 |

३० अद्यावधिक बेरुजुः

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः (रकम रु. हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| 20516 | 5176 | 9731 | 0 | 25071 |